# विराटनगर महानगरपालिका

नगर कार्यपालिकाको कार्यालय

मोरङ,विराटनगर,१नं. प्रदेश, नेपाल

## लिलामी सम्वन्धी सूचना

सूचना प्रकाशित मिति २०७९/०५/१७

यस महानगरपालिकाको मातहतमा रहेको विराटनगर महानगरपालिका वडा नं. ७ स्थित पुरानो अतिथि गृह भएको जग्गामा रहेको पुरानो भवन भत्काउनु पर्ने भएकोले उक्त भवन जेस्तो अवस्थामा छ सोही अवस्थामा भत्काई साइट क्लियर गराउनका लागि लिलाम बिक्री गर्नु पर्ने भएकोले आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम १०८(८) बमोजिम कायम न्यूनतम मूल्यमा वार्ताद्वारा सोझै बिक्रि गरिने भएकोले यो लिलाम सम्वन्धी सूचना प्रकाशित गरिएको छ। मिति २०७९/०५/२४ गते दिनको १२:३० बजेदेखि २:०० बजेसम्म यस महानगरपालिकाको बैठक कक्षमा सोझै बोलकबोल बढाबढ गरिनेछ । बोलकबोल स्वीकृत भएको सूचना पाएको मितिले ७ दिनभित्र कबोल गरेको रकम दाखिला गरी भवन भत्काउन शुरु गरी तोकिएको समय भित्र साइट क्लियर गरी सक्नु पर्नेछ । नियमानुसार लाग्ने कर दस्तुरहरु बुझाउने दायित्व बोलकबोल पेश गर्ने बोलकबोलदाताको हुनेछ । यस सम्वन्धी कुनै विवाद भएमा यस महानगरपालिकाको निर्णय नै अन्तिम हुनेछ। लिलाम सम्वन्धी कुनै कुरा बुझ्नु परेमा कार्यालय समयभित्र यस महानगरपालिकाको पूर्वाधार विकास शाखामा आई बुझ्न सकिने छ । यसमा उल्लेख नभएका कुराहरु प्रचलित ऐन नियम अनुसार हुनेछ ।

तपसिल

| सि.नं. | लिलामी नं. | विवरण | न्यूनतम कायम मूल्य |
|---|---|---|---|
| १ | BMC/Lilami/-1/2078/079 | पुरानो भवन भत्काउने | ८,७१,११५/७१ |

नोटः सबैभन्दा बढी कबोल गर्नेले तत्काल कबोल अङ्कको १०% रकम नगरपालिकामा धरौटीबापत सोही दिन जम्मा गर्नु पर्नेछ ।